# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

## विषयः प्रेस विज्ञप्ती

नेपाल पत्रकार महासंघका अध्यक्षज्यू, पत्रकार संघ, संगठनसंग आबद्ध प्रेस सेन्टर, प्रेस चौतारी, प्रेस युनियनका अध्यक्षज्यूहरु, विभिन्न सञ्चार माध्यमहरुबाट उपस्थित पत्रकार मित्रहरुमा हार्दिक अभिवादन एवं नमस्कार ।

भरतपुर महानगरपालिका, महानगरपालिका क्षेत्रभित्र सरसफाई र हरियाली व्यवस्थापनमा निरन्तर क्रियाशील रहेको यहाँहरुलाई विदितै छ । भरतपुर महानगरपालिकाले सरसफाइ र बजार व्यवस्थापनलाई अभियानकै रुपमा अगाडि बढाईरहेको छ । बढ्दो जनघनत्व र तीव्र सहरीकरणका कारण पेचिलो बन्दै गइरहेको फोहरमैला व्यवस्थापनको दिगो समाधान खोज्न भरतपुर महानगरपालिकाले फोहरबाट उर्जा उत्पादन गर्दै यसको वैज्ञानिक व्यवस्थापनका लागि विभिन्न साझेदार निकायहरुसमेतको सहयोगमा अध्ययन, छलफल अन्तरकृया यालगायतका गतिविधि अगाडि वढाइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

पत्रकार मित्रहरु

यसै सन्दर्भमा विश्वका १५० भन्दा बढी राष्ट्रमा एकै दिन हुन लागेको विश्व सरसफाइ दिवस(World Cleanup Day) नेपालमा पनि *" नेपाल स्वच्छ वातावरण महाअभियान-२०७५"*अन्तर्गत मिति *२०७५ भाद्र २४ देखि ३० गतेसम्म* सप्ताहव्यापी रुपमा मनाउन गइराखेको र सो कार्यक्रमलाई भरतपुर महानगरपालिकामा भव्यताकासाथ सफल बनाउन सम्बन्धित टोल विकास संस्था, विद्यालय, क्लब, कार्यालयहरु, सरसफाइको क्षेत्रमा क्रियाशील संघसंस्था, समूह र आम नगरवासीहरुसमेतलाई परिचालन गरी तपसिल बमोजिम कार्यक्रमहरु गरी भरतपुर महानगरपालिकालाई स्वच्छ सफा बनाउने अभियान सञ्चालन हुन गइरहेको विषय निवेदन गर्दछु । यस अभियानमा स्वच्छ सफा हराभरा भरतपुर महानगरपालिका निर्माणमा सक्रिय सहभागी भई सफल बनाउन सम्बन्धित सबैलाई यसै पत्रकार भेटघाट कार्यक्रम मार्फत आह्वान गर्दछु।

तपसिल

भाद्र २४ : घर सफाइ दिवस (महानगरपालिकावासी सम्पूर्ण घरपरिवार)

भाद्र २५ : शैक्षिक संस्था सफाइ दिवस (महानगर रहेका स्थानमा सरसफाइ)

भाद्र २६: सार्वजनिक संस्था तथा पार्क सफाइ दिवस ( सम्बन्धित वडामा रहेका स्थानमा सरसफाइ)

भाद्र २७: धार्मिक स्थल सफाइ दिवस (सम्बन्धित वडामा रहेका स्थानमा सरसफाइ)

भाद्र २८: नदीनाला तथा जलाशय सफाइ दिवस ( महानगर स्तरीय नारायणी नदी सफाइ कार्यक्रम विहान ७ देखि ९ बजेसम्म)

भाद्र २९: सडक सफाइ दिवस (सम्बन्धित वडामा रहेका सडकमा सरसफाइ)

भाद्र ३०: वृहत् सफाइ दिवस (महानगरका मुख्य राजमार्ग सरसफाइ कार्यक्रम पोखरा बसपार्कदेखि गोन्द्राङ्ग चोकसम्म समय विहान ७ देखि ९ बजेसम्म)

अन्त्यमा, चितवनका पत्रकार साथीहरुले भरतपुर महानगरपालिकाको समग्र आर्थिक, सामाजिक विकासमा अत्यन्तै उत्साहकासाथ सहयोग र रचनात्मक सुझाव दिइरहनु भएको छ । सदा झैं यस अवसरमा पनि विश्व सरसफाइ दिवसको अवसरमा आयोजित सप्ताहव्यापी सरसफाई अभियानलाई भव्यताकासाथ सम्पन्न गर्न यहाँहरुको रचनात्मक सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

मितिः २०७५/०५/२२

रेनु दाहाल
प्रमुख

प्रमुख

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014